खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ चैत्र ३ गते मंगलबार (Tuesday 17 Mar. 2026) | www.khabarnagarik.com

## सिद्धार्थनगर नगरपालिका

# वर्गीकरण नगरिएको फोहोर चैत १८ देखि नउठाइने

## वर्गीकरण गरी नगरपालिकाको अभियानमा सहयोग पुऱ्याउनुहुन नगरपालिकाको अनुरोध

**खबर नागरिक**

भैरहवा।

सिद्धार्थनगर नगरपालिकाले नगरको दीर्घकालीन फोहोरमैला व्यवस्थापनका लागि आगामी चैत १८ गतेदेखि वर्गीकरण नगरिएको फोहोर संकलन नगर्ने घोषणा गरेको छ। नगरपालिकाले एक सूचना जारी गर्दै चैत १७ गतेभित्रै सबै नगरबासी, व्यवसायी तथा संघसंस्थाहरूलाई फोहोर वर्गीकरण गर्ने व्यवस्था मिलाउन आग्रह गरेको छ।





सिद्धार्थनगर नगरपालिकाको फोहोरमैला वर्गीकरण सम्बन्धि सूचना
(सूचना प्रकाशन मिति: २०८२/१२/०२)

सिद्धार्थनगर नगरपालिकाको दिर्घकालिन फोहोरमैला व्यवस्थापनको लागी फोहोरमैला वर्गीकरण भएपश्चात मात्र फोहोर उठाउने कार्यक्रम रहेकोले सबै नगरवासीहरुले मिति २०८२ चैत्र १७ सम्म आफ्नो पसल, होटल, निजी घर, संघ/संस्था र विद्यालय लगायतबाट उत्पादन हुने फोहोरहरु देहाय बमोजिम वर्गीकरण गर्नुहुन यो सूचना प्रकाशन/प्रशारण गरिएको छ । सो मिति सम्म फोहोर वर्गीकरण नगर्ने जुनसुकै निकायको फोहोर मिति २०८२ चैत्र १८ गते देखि यस सिद्धार्थनगर नगरपालिकाले नउठाउने भनी नगर कार्यपालिकाको निर्णयानुसार यो सूचना प्रकाशन/प्रशारण गरिएको छ ।

फोहोरको देहाय निम्न बमोजिम वर्गीकरण गर्नुहुन ।

१. कुहिने जैविक फोहोरः घरेलु फोहोरमैला (खाना पकाउदा बाँकी रहेका अवशेष, भात, दाल, तरकारी तथा फलफुलका बोक्रा, सागसब्जी, पातिङ्गर, घास, चिया तथा कफिका अवशेष आदी कुहिने फोहोर) जस्ता सडिगलि जाने प्रकृतिका घरायसी वस्तुहरु,
२. नकुहिने (अजैविक) फोहोरः प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्रि, विद्युतिय समानहरुका अवशेष जस्ता सडिगली नजाने प्रकृतिका फोहोरहरु,
३. नकुहिने (अजैविक) फोहोरः सिसा, काँच, धातु, टिन लगायत सडिगली नजाने प्रकृतिका कवाडहरु,

नोटः उल्लेखित प्रकृतिका फोहोरहरु वर्गीकरण नगरिएमा नगरपालिकाले फोहोरमैला नउठाउने र सोको व्यवस्थापन स्वयम आफैले गर्नुपर्नेछ । फोहोरमैला जथाभावी सडक पेटी तथा सार्वजनिक स्थलमा फालेको पाइएमा कानुन बमोजिम न्यूनतम रु. ५ हजार देखि माथी फोहोरको प्रकृति अनुसार जरिवाना लाग्नेछ । मिति २०८२ चैत्र १८ गते देखि वर्गीकरण नभएको फोहोर संकलन नहुने हुँदा सबै नगरवासी, होटल/पसल व्यवसायीहरु, विद्यालय र विभिन्न संघसस्थाहरुले फोहोर वर्गीकरण गर्ने कार्यमा सहयोग गर्नुहुन सवैमा यो सूचना प्रकाशन/प्रसारण गरिएको छ ।

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको निर्णयअनुसार आगामी चैत १८ गतेदेखि वर्गीकरण नगरिएको फोहोर बोक्ने गाडीले नउठाउने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले जानकारी दिए।

नगरपालिकाले फोहोरलाई मुख्यतया तीन समूहमा विभाजन गर्न निर्देशन दिएको छ। भान्साबाट निस्कने अवशेष, भात, दाल, तरकारी तथा फलफूलका बोक्रा, पातपतिङ्गर, घाँस, चिया तथा कफीका अवशेष लगायतका कुहिने जैविक फोहोर एक ठाउमा । यस्तै प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्री तथा विद्युतीय सामानका अवशेष जस्ता नकुहिने अजैविक फोहोर एक ठाउमा र सिसा, काँच, धातु र टिन लगायतका सडेर नजाने कवाडजन्य फोहोर एक ठाउमा बर्गीकरण गर्न अनुरोध गरेको हो।

नगरपालिकाको सूचनालाई बेवास्ता गरी फोहोर वर्गीकरण नगर्ने घरधनी वा निकायले आफ्नो फोहोरको व्यवस्थापन आफैँ गर्नुपर्नेछ। यदि कसैले जथाभावी सडक पेटी वा सार्वजनिक स्थलमा फोहोर फालेको पाइएमा न्यूनतम ५ हजार रुपैयाँदेखि फोहोरको प्रकृति अनुसार थप जरिवाना गरिने समेत नगरपालिकाले चेतावनी दिएको छ।

नगरलाई स्वच्छ र सुन्दर राख्न यो कदम चालिएको हो । होटल, पसल, निजी घर, विद्यालय र संघसंस्थाहरूले अनिवार्य रूपमा फोहोर वर्गीकरण गरेर नगरपालिकाको अभियानमा सहयोग पुऱ्याउनुहुन नगरपालिकाले अनुरोध गरेको छ।

सिद्धार्थनगर नगरपलिका क्षेत्रको फोहोर अहिले बेलहिया बुटवल सडक खण्डको नजिकै फालिदै आएको छ। नगरको फोहोर व्यवस्थापन वर्षौ देखि वडा नं. १ डण्डा नदी किनार झण्डी बजार क्षेत्रमा फोहोर फाल्दै आएकोमा स्थानीयले अवरोध गरेसँगै गत वर्ष २०८१ साउन ४ गतेबाट केही समयको लागि भन्दै सिद्धार्थनगरले बनाएको पर्यटकीय गेट नजिकै नगरको फोहोर डम्पिङ क्षेत्र बन्यो। तर यहाँ भने फोहोर फाल्न लागेको २ वर्ष बित्दा समेत नगरपलिकाले फोहोर व्यवस्थापन का लागि दीर्घकालिन उपाय ननिकालेकोले अन्यत्र गर्न सकेको छैन।

दैनिकरुपमा सिद्धार्थनगरबाट उत्सर्जन भएको ३० टनको हराहारीमा फोहोर नगरपालिकाले करिब सय जना जनशक्ति लगाएर १२ वटा टयाक्टर, ठेला र कुचीकारहरुबाट फोहोर संकलन गरी यहाँ व्यवस्थापन गर्दै आएको छ।

नगर क्षेत्रबाट संकलन भएको फोहोर गेट नजिकैको क्षेत्रमा टयाक्टर मार्फत पठाउने, खाल्डोमा फोहार राखी सम्याउने र माटो पुर्ने गरी फोहोर व्यवस्थापन गरिरहेको नगरपालिकाले जानकारी दिएको छ।। डम्पिङ क्षेत्रमा गन्ध नआओस भन्नका लागि मट्टितेल, फिनेल र इमो झोल दैनिक रुपमा हाल्ने गरिएको छ।


## फोहोरमैला बर्गीकरण सम्बन्धि सूचना

सिद्धार्थनगर नगरपालिकाको दिर्घकालिन फोहोरमैला व्यवस्थापनका लागी फोहोरमैला बर्गीकरण भएपश्चात मात्र फोहोर उठाउने कार्यक्रम रहेकोले सबै नगरबासीहरूले मिति २०८२ चैत्र १७ सम्म आफ्नो पसल, होटल, निजी घर, संघ/संस्था र विद्यालय लगायतबाट उत्पादन हुने फोहोरहरू देहाय बमोजिम बर्गीकरण गर्नुहुन यो सूचना प्रकाशन/प्रशारण गरिएको छ। फोहोर बर्गीकरण नगर्नेको फोहोर नउठाउने निर्णय भएको यहाँलाई अवगत गराइन्छ।

**१. कुहिने जैविक फोहोर** : घरेलु फोहोरमैला ( खाना पकाउदा बाँकी रहेका अवशेष, भात, दाल, तरकारी तथा फलफुलका बोक्रा, सागसब्जी, पातिङ्गर, घास, चिया तथा कफिका अवशेष आदी कुहिने फोहोर) जस्ता सडिंगलि जाने प्रकृतिका घरायसी वस्तुहरु,

**२. नकुहिने (अजैविक) फोहोर**: प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्रि विद्युतिय समानहरुका अवशेष जस्ता सडिगली नजाने प्रकृतिका फोहोरहरु,

**३. नकुहिने (अजैविक) फोहोर** : सिसा, काँच, धातु, टिन लगायत सडिगली नजाने प्रकृतिका कवाडहरु

नोटः उल्लेखित प्रकृतिका फोहोरहरु बर्गीकरण नगरिएमा नगरपालिकाले फोहोरमैला नउठाउने र सोको व्यवस्थापन स्वंयम आफैले गर्नुपर्नेछ। फोहोरमैला जथाभावी सडक पेटी तथा सार्वजनिक स्थलमा फालेको पाइएमा कानुन बमोजिम न्यूनतम रु. ५ हजार देखि माथी फोहोरको प्रकृति अनुसार जरिवाना लाग्नेछ। मिति २०८२ चैत्र १८ गते देखि बर्गीकरण नभएको फोहोर संकलन नहुने हुँदा सबैले फोहोर बर्गीकरण गर्ने कार्यमा सहयोग गर्नुहुन अनुरोध गरिएको छ।

**सिद्धार्थनगर नगरपालिका**
रूपन्देही